# माओवादी सेनाका लडाकुहरुको पुनर्स्थापन सम्बन्धी निर्देशिका, २०६८

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "माओबादी सेनाका लडाकुहरुको पुनर्स्थापन सम्बन्धी निर्देशिका, २०६८" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुने छ ।

२. **परिभाषाः विषय** वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"माओवादी सेनाका लडाकु"** भन्नाले सम्बत् २०५२ साल फागुन १ गते देखि सम्बत् २०६३ साल मंसिर ५ गतेसम्म राज्यपक्ष र तत्कालिन नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्वमा संलग्न भै माओबादी सेनाको रेखदेख, समायोजन, एवं पुनर्स्थापन गर्ने बिशेष समितिको सचिवालय मार्फत् पुनर्वर्गीकरणबाट प्रमाणित भएका माओबादी सेनाका लडाकुहरु सम्झनु पर्दछ ।

(ख) **"पुनर्स्थापन कार्यक्रम"** भन्नाले माओवादी सेनाका लडाकुहरुको पुनर्स्थापनको लागि औपचारिक तथा अनौपचारिक शिक्षा, प्राविधिक, व्यबसायिक तथा सिपमूलक तालिम, रोजगार/स्वरोजगार तालिम एवं साना तथा लघु उध्यम व्यबसाय संचालन गर्नको लागि प्रदान गरिने प्राविधिक सेवा कार्यक्रमलाई सम्झनु पर्छ ।

(ग) **"मन्त्रालय"** भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय भन्ने सम्झनु पर्छ ।

३. **पुनर्स्थापन कार्यक्रम संचालन :** पुनर्स्थापन कार्यक्रम संचालनमा सहभागी हुन इच्छा गरेका लडाकुहरुको नाम सहितको विवरण मन्त्रालयमा प्राप्त भएपछि निजहरुको चाहना बमोजिम एक वा एक भन्दा बढी पुनस्थापन कार्यक्रमहरु मन्त्रालय मार्फत् संचालन गरिने छ ।

४. **कार्यक्रम अवधि :** पुनर्स्थापन कार्यक्रमको अबधि कार्यक्रमको प्रकृति वमोजिम कम्तिमा ६ महिना देखि बढीमा ४ वर्षसम्मको हुनेछ ।

५. **पुनर्स्थापन कार्यक्रमका किसिम :** (१) पुनर्स्थापन कार्यक्रममा सहभागी हुने लडाकुहरुको आवश्यकतानुसार निम्न अनुसारका कार्यक्रमहरु रहने छन् :

क. औपचारिक तथा अनौपचारिक शिक्षा

ख. प्राबिधिक, व्यावसायिक तथा सिपमूलक तालिम, रोजगार/स्वरोजगारमूलक तालिम

ग. साना तथा लघु उध्यम व्यावसाय संचालन गर्नको लागि प्राबिधिक सेवा

This document was created using SmartPDFCreator. To remove this message purchase the product at www.SmartPDFCreator.com

(२) मन्त्रालयले बजारको माग वमोजिमका क्षेत्र एवं विषयमा पूनर्स्थापन कार्यक्रमको लागि सहभागी हुन लडाकुहरुलाई आवश्यक प्रोत्साहन गर्नेछ ।

(३) पुनर्स्थापन कार्यक्रमको विवरण, स्वरुप, समयावधि, खर्च विवरण र भुक्तानी प्रक्रिया अनुसूची १ मा उल्लेख भए अनुसार हुने छ ।

(४) पुनर्स्थापन कार्यक्रममा सहभागी हुने माओबादी सेनाका लडाकुहरुका लागि कार्यक्रममा लाग्ने खर्चको भुक्तानी बैंक मार्फत गराईने छ ।

६. **पुनर्स्थापन कार्यक्रमको खर्च :** (१) माओबादी सेनाका लडाकुहरुलाई नेपाल सरकारले उपलब्ध गराएको रकम मध्येबाट पुनर्स्थान कार्यको लागि देहायका विषयमा खर्च हुन सक्नेछ :

(क) शिविर छोडेपछि पुनर्स्थापन कार्यक्रम सुरु हुनु अघिसम्मको अवधिको लागि माओबादी सेनाका लडाकुहरुले रोजेको अनुसूची १ बमोजिमको प्याकेज अनुसारको रकम मध्ये पुनर्स्थापन कार्यक्रममा लाग्ने खर्च खटाएर हुन आउने रकमको ३० प्रतिशत अग्रिम भुक्तानी दिइने रकम ।

(ख) पुनर्स्थापन कार्यक्रम अवधिभरका लागि सहभागी लडाकुहरुको ईच्छा बमोजिम प्रति लडाकु प्रति महिना रु. दश हजारसम्मका दरले पाउने मासिक भत्ता ।

(ग) पुनर्स्थापन कार्यक्रममा भाग लिए बापत सम्बन्धित संस्थालाई तिर्नु पर्ने शुल्क ।

तर यस्तो शुल्क संस्थालाई तिरे पछि छुट्टै प्रशिक्षकको खर्च भने संस्थालाई तिर्नु पर्ने छैन ।

७. अनुसूची १ बमोजिम औपचारिक शिक्षा, अनौपचारिक शिक्षा, व्यवसाहिक तथा अन्य रोजगार/स्वरोजगारमुलक तालिमहरु, कृषी उत्पादन तथा स्वरोजगार/रोजगार तालिम एवम् लघु उद्योग मध्ये रुची अनुसार पुनर्स्थापन कार्यक्रममा सहभागी हुने लडाकुहरुले सो कार्यक्रमको समयावधिको आधारमा देहाय बमोजिमको हिसाबले पुनर्स्थापन खर्च पाउनेछन् :

(क) छ महिना देखि एक वर्षसम्मको लागि छ लाख

(ख) एक वर्ष भन्दा वढी र दुई वर्षसम्मको लागि सात लाख

(ग) दुई वर्षभन्दा वढी र चार वर्षसम्मको लागि आठ लाख

(घ) तीन वर्षभन्दा वढी र चार वर्षसम्मको लागि नौ लाख

८. माथिको बुंदा ६ वमोजिम खर्च भई बाँकी रहेको रकम सम्बन्धित माओबादी लडाकुहरुले पुनर्स्थापन कार्यक्रम सम्पन्न भएपछि एकमुष्ट प्राप्त गर्नेछन् । तर पुनर्स्थापन कार्यक्रममा भाग लिई बिचमै कार्यक्रम छोड्ने लडाकुहरु र सो कार्यक्रम पुरा नगर्नेहरुको हकमा कार्यक्रममा सरिक हुँदाको अबधिमा लागेको खर्च कटाएर स्वेच्छिक अबकासमा प्रदान गरिएको रकमलाई मात्र आधार बनाई सोही बमोजिम दुई किस्तामा उपलब्ध गराईनेछ ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

९. **अनुगमन र मूल्याङ्कन :** पुनर्स्थापन कार्यक्रम संचालनको अवधिमा आईपर्ने सक्ने समस्याको समाधानको लागि अनुगमन र मूल्याङ्कनबाट प्राप्त सिफारिशको आधारमा पुनर्स्थापन कार्यक्रममा सहभागी हुने माओबादी सेनाका लडाकुहरुको लागि मन्त्रालयले आवश्यक प्राबिधिक एवं परामर्श सहयोग सेवा उपलब्ध गराउनेछ ।

१०. **केन्द्रिय समिति :** (१) पुनस्थापन कार्यक्रमसंग सम्वन्धित नीतिगत व्यवस्थागर्न, आवश्यक स्रोतहरुको पहिचान र परिचालन गर्न, विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सरकारी एवं गैर-सरकारी निकायहरुको परिचालन एवं समन्वय गर्नको लागि देहाय बमोजिमको एक केन्द्रीय समिति रहनेछ :

| | |
|---|---|
| क. मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | -संयोजक |
| ख. सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | -सदस्य |
| ग. सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| घ. सचिव, गृह मन्त्रालय | -सदस्य |
| ङ. सचिव, श्रम मन्त्रालय | -सदस्य |
| च. सचिव, उद्योग मन्त्रालय | -सदस्य |
| छ. सह सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | -सदस्य सचिव |

११. **निर्देशिका बमोजिम हुने :** यस निर्देशिकामा लेखिए बमोजिमका विषयहरुको हकमा यसै निर्देशिका बमोजिम हुनेछ र यसमा उल्लेख नभएका बिषयहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com